जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १२१ २०८० साल मंसिर २५ गते सोमबार (11 Dec. 2023 Monday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'आएन मानवअधिकारको ... ४ पृष्ठमा : इरानद्वारा १३ हजार अवैध ... ४ पृष्ठमा : साढे छ किलो सुनसहित...

## चार बुँदे माग राख्दै हरवा चरवाले प्रर्दशन गर्दै बुझाए ज्ञापनपत्र






**दैनिक समाचारदाता
राजविराज, २४ मंसिर ।**

सप्तरीका हरवा चरवाहरुले विभिन्न चार बुंदे माँग अघि सार्दै आईतवार राजविराजमा प्रर्दशनसहित प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको छ।

अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर जिल्ला हरवा चरवा अधिकार मञ्चको अगुवाइमा सो प्रर्दशन तथा ज्ञापन पत्र बुझाइएको हो।

मञ्चका जिल्ला अध्यक्ष देवलाल रामद्वारा प्रमुख जिल्ला अधिकारी किरण थापालाई बुझाइएको ज्ञापन पत्रमा हरवा चरवाको लगत, प्रमाणिकरण र परिचय पत्र वितरण प्रकृया अविलम्ब थालनी गर्न, सरकारद्वारा बजेट तय गरिएको हरवा चरवा लक्षित कार्यक्रममा हरवा चरवाको पहुँचको सुनिश्चितता गर्न तथा हरवा चरवाको यकिन तथ्याङ्कको आधारमा भुमि, आवास, शिक्षा, सिप, विकास र स्वास्थ्यमा पहुँचको वातावरण सुनिश्चित गर्न माँग गरिएको छ।

उठीवास हुने अवस्था तत्काल बन्द गरी उनीहरुको नाममा रहेको सम्पुर्ण ऋण खारेज, श्रम अनुसारको ज्याला निर्धारण, सुरक्षित वास र परिवार जनसंख्याका आधारमा जग्गा सहित पुनः स्थापित गराईनु पर्ने माँग उनीहरुले गर्दै आएका छन्।

यस्तै प्रदेश र स्थानीयतहबाट संचालन हुने विपन्न र गरिब लक्षित कार्यक्रममा हरवा चरवालाई प्राथमिक्ता र विगतमा हरवा चरवा संग सरकारद्वारा गरिएको सहमती प्रभावकारी कार्यान्वयनको समेत ज्ञापन पत्र मार्फत माँग गरिएको छ।

ज्ञापन पत्र बुझाउनु अघि आइतवार नै गरिएको पत्रकार सम्मेलनमा हरवा चरवा अधिकार मञ्चका जिल्ला अध्यक्ष देवलाल रामले हरवा चरवा लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि वास्तविक हरवा चरवाको पहिचान, लगत, प्रमाणिकरण तथा परिचय पत्र

*बाँकी अन्तिम पृष्ठमा*

## वडा सदस्यको निधनले नगरपालिका मर्माहित



**दैनिक समाचारदाता
राजविराज, २४ मंसिर ।**

राजविराज वडा नं. १० का वडा सदस्य छठुलाल यादवको शुक्रबार राती असमायिक निधन भएको छ। ४८ वर्षिय वडा सदस्य क्यान्सर रोगबाट पीडित थिए।

उनको निधनमा राजविराज नगरपालिकाले आइतबार आफ्ना मातहतका सम्पूर्ण कार्यालयहरु तथा शिक्षण संस्थाहरुमा सार्वजनिक विदा दिएको छ।

नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परवीनले आइतबार एक शोक विज्ञप्ति जारि गर्दै वडा सदस्य यादवको असमायिक निधनले नगरपालिका दु:खी र मर्माहत भएको जनाइएको छ।

विज्ञप्तिमा वडा सदस्य यादवले समाजमा नेतृत्व गरेको भूमिका तथा सहयोगी भावनाको स्मरण गर्दै उनीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो सम्वेदना प्रकट गरिएको छ।

## राजगढ गाउँपालिका आफ्नै भवनमा



**दैनिक समाचारदाता
राजविराज, २४ मंसिर ।**

सप्तरीको राजगढ गाउँपालिका आइतबार आफ्नै भवनमा सरेको छ।
गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले एक समारोहबीच रिवन काटेर आफ्नो पालिका भवनको उद्घाटन गर्दै आफ्नै भवनमा सरेको हो।

पूर्व गाउँपालिका अध्यक्ष परमान्द यादवले उक्त भवनका लागि वडा नं. ३ मा ५ कट्ठा १४ धुर जग्गा दिएका थिए। ११ कोठाको दुई तल्ले भवन ५ करोड ५० लाख लागतमा तयार भएको गाउँपालिकाका इन्जिनियर अजय यादवले जानकारी दिए।

तुलसी भक्त कन्स्ट्रक्सनले उक्त भवनको टेन्डर पाएको २ वर्ष ६ महिनामा पुरा गरेको र डिपिआर ४ तल्लेको भए पनि

*बाँकी अन्तिम पृष्ठमा*

## नेवि संघले अस्पताल सुधारका राख्यो चार बुँदे माग



**दैनिक समाचारदाता
राजविराज, २४ मंसिर ।**

नेवि संघ सप्तरीले गजेन्द्र नारायण सिंह अस्पतालको बेतिथि, भ्रष्टाचार, कर्मचारी र डाक्टरको लापरवाहीले गर्दा दिनानुदिन जनताले पाउनु पर्ने सेवा सुविधामा लापरवाही भइरहेको आरोप लगाएको छ।

नेवि संघका जिल्ला अध्यक्ष रोकश ठाकुरले आइतबार अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट अवधेश मिश्रलाई बुझाइएको ध्यानाकर्षण पत्रमा सो कुरा उल्लेख गर्दै अस्पताल सुधारका लागि चार बुँदे माग उल्लेख गरिएको छ।

सामाजिक सुरक्षा सुविधा सम्बन्धी तीन महिनाको सम्पूर्ण जानकारी उपलब्ध गराउन, अस्पतालको डाक्टरहरु सरकारी समयअनुसार १० बजेदेखी २ बजेसम्म बस्नु पर्ने समयमा नबसी प्राइभेट क्लिनिकहरुमा बस्दै गरेकोमा त्यसलाई सुधार गर्नु पर्ने, ज्यालादारी, करार कर्मचारीहरुको संख्या र सोको अवस्था र नयाँ पुरानो बारेमा तीन दिनभित्र सम्पूर्ण जानकारी उपलब्ध तथा नाइट डियुटीको समयमा डाक्टरहरुको उपस्थिति नहुनु र गाइनोमा डाक्टर राती नहरनुको कारणसहित जानकारी गराउन ध्यानाकर्षण पत्रमार्फत माग गरिएको छ।

तीन दिन भित्र ती सुझावहरुलाई सुधार नगरिए नेवि संघ सशक्त संघर्ष गरि आन्दोलनमा जाने अस्पताल प्रमुखलाई बुझाइएको ध्यानाकर्षण पत्रमा उल्लेख छ।

**जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने ब्यहोरा अनुरोध छ।**

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैंक,पुतलीसडक | ११३०१०००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००१ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# महिला र पुरुष एक अर्काका पुरक बुझ्नुपर्छ

मानव सभ्यता जति पुरानो हुँदै गएको छ, मानवहरु त्यति नै असभ्य र असंस्कृत हुँदै गएका प्रमाणहरुका बारेमा बारम्बार मीडियाले प्रकाशन प्रसारण गर्दै आईरहेको छ। चाहे ती घटना जुनसुकै स्थानका होस् । महिला हिंसाका घटनाहरु हाम्रा सभ्य भनाउँदो समाजमा बढ्दै गएका छन् । शारिरिक, मानसिक यातना दिने क्रम बढ्दो छ, त्यसको स्वरुप वा कारणहरु फरक-फरक देखिए पनि लैङ्गिकताका आधारमा महिला भएकै कारण घटनाहरु भइरहेकोमा दुईमत हुन सक्दैन ।

दाइजो नल्याउनु वा कम ल्याउनु, छोरी जन्माउनु, भौतिक रुपमा सुन्दर नदेखिनु, अपाङ्ग र अशक्त हुनु, एकल हुनु यी र यस्ता अनेकौं बहानामा महिलाको शारीरिक र मानसिक शोषण गरिंदै आइएको छ। बोक्सीको नाममा समेत महिलाहरुलाई मलमूत्र खुवाउने, अमानवीय यातना दिएका घटनाहरु प्रायः नै सुनिन्छन् । नाबालिकासँगको यौन दुर्व्यवहारले समेत प्रश्रय पाउँदै गएका छन् । यी र यस्ता घटनाले महिलाको ज्यान मात्रै लिइरहेको छैन अपितु उसको आत्मसम्मानमा समेत ठेस पुगिररहेको छ। यस्ता घटना पढ्दा वा सुन्दा हाम्रो सभ्य समाजमा महिलाको अवस्था कस्तो छ भने झझल्को अवश्य पाईन्छ। महिला र पुरुष यस समाजका दुई जातिले एकले अर्काको सह अस्तित्व स्वीकार र सम्मान गर्न सक्दैनन् भने मानव अस्तित्व नै संकटमा नपर्ला भन्न सकिन्न ।

महिला र पुरुष एक अर्काका पुरक हुन। एक अर्काका अन्य सहयोगी, सहभागी र सहकर्मी हुन् । सहकर्मीले एक अर्काको सहअस्तित्व, महत्व र गरिमालाई स्वीकार्नै पर्छ। अन्यथा, ईश्वरले धारण गरेको अर्धनारीश्वर स्वरुपको कुनै अर्थ नै रहँदैन ।

# ‘आएन मानवअधिकारको अवस्थामा सुधार’

**कालिका खड्का**

काठमाडौँ, २४ मङ्सिर (रासस)।

नेपालको संविधान र कानुनले सबै जाति, वर्ग, लिङ्गबीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन । समाजमा अहिले पनि विभेद, हत्या, हिंसा, बलात्कार, हत्या, जातीय छुवाछूतदेखि वादी, छाउपडीजस्ता कुप्रथा पूर्णरुपमा अन्त्य हुन सकेको छैन । विस्तृत शान्ति सम्झौताको १७ वर्ष पूरा भए पनि पीडितहरू अहिले पनि न्यायको आशामा छन् । स्वास्थ्योपचार, शिक्षा र रोजगारी भएमात्र पुग्ने पीडितको माग छ तर त्यसतर्फ राजनीतिक दलका नेताको ध्यान जान सकेको छैन ।

मानवअधिकारकर्मी चरण प्रसाईंलाई मानव भएर जन्मिएपछि मानव अधिकारको उपयोग गर्न पाउनुपर्छ भन्ने लाग्छ । सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन ढिलाइ भएकाप्रति उहाँ त्यतिकै चिन्तित हुनुहुन्छ । “दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको यतिका वर्ष भयो तर शान्ति प्रक्रियाको एउटा न्याय पाउने काम अहिलेसम्म पूरा हुन सकेन”, उहाँले भन्नुभयो, “पीडितलाई न्याय दिने कार्यमा सबैले ध्यान दिनुपर्छ, विगतका त्यस्ता कहालीलाग्दा घटना नदोहोरिने सुनिश्चितता पनि गर्नुपर्छ ।” शान्ति सम्झौताअनुसार राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने उहाँको लामोसमयदेखि निरन्तर माग छ ।

द्वन्द्वपीडितले न्याय पाउन नसक्नुमा सङ्क्रमणकालीन ऐन संशोधन ढिलाइ हुनु पनि हो । लामो समयदेखि ऐन संशोधनको काम सुरु गरिए पनि दलहरुबीचको सहमति जुटाएर काम पुरा हुन सकेको छैन । यसवर्ष १५औँ मानवअधिकार महाभेलाको शुक्रबार उद्घाटन गर्ने क्रममा सभामुख देवराज घिमिरले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक संसदको आगामी अधिवेशनबाट पारित हुने विश्वास व्यक्त गर्नुभयो । “उक्त विधेयक छलफलका क्रममा कानुन समितिमा छ, त्यसलाई निष्कर्षमा टुङ्गोमा पुऱ्याउने अधिकार उहाँहरुलाई छ”, सभामुख घिमिरले भन्नुभयो, “राजनीतिक दलहरुबीच सहमति जुटाउने विषयमा म पनि लाग्छु, पीडितलाई न्याय दिने काममा ढिलाई गर्न हुँदैन ।”

दशवर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ । विस्तृत शान्ति सम्झौताकै बुँदा नं ५.२.२ मा ‘आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्दछन्’ भनिएको छ ।

शान्ति सम्झौताअनुरुप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन गऱ्यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले उजुरी सङ्कलन गर्ने काम गरे तर बाँकी काम अघि बढाएर सत्य तथ्य छानबिन गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिने काम हुनु कसेको छैन । अहिले दुवै आयोग पदाधिकारीबिहिन अवस्थामा छन् ।

एकातिर शान्ति प्रक्रियाको काम पूरा हुन सकेको छैन भने उर्कोतिर समाजमा अहिले पनि आर्थिक अभाव, शिक्षा तथा सेतनाको अभावले हिंसा हत्या र बलात्कारका घटनामा कमी आउन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदनमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् भने न्यायका लागि सम्बन्धित निकायमा पहल गरिदिन भनी दर्ता भएका एक हजार ३० वटा निवेदनमाथि पत्राचार तथा पीडितहरुलाई परामर्श सेवा प्रदान गरिएको छ । आयोगले मानवअधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन गरेको छ । आयोगले पुराना र नयाँ गरी ४०३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने १३ वटा नीतिगत र १०२ वटा उजुरीगत सिफारिसहरू गरेको छ । आयोगबाट जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र सम्बृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी सम्बर्द्धनसम्बन्धी काम गरिरहेको छ ।

मानवअधिकार संरक्षणका लागि आयोगले निरन्तर काम गरिरहेको भएपनि मानवअधिकारको अवस्था सन्तोष मान्न सक्ने अवस्था नभएको आयोगका अध्यक्ष तपबहादुर मगरको भनाइ छ । “मानव अधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न आयोगले निरन्तर गरिरहेको छ” उहाँले भन्नुभयो, “सङ्क्रमणकालीन न्यायको काम बाँकी नै छ, समाजमा शान्ति अमनचयन काम हुन सकेको अवस्था छैन ।” उहाँले आयोगले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरेर काम गर्दै आइरहेको स्पष्ट पार्नुभयो । आयोगले गत आर्थिक वर्षको प्रतिवेदनमा आयोगले हालसम्म परेका उजुरीको अनुसन्धान गरी रु २८ करोड १३ लाख एक हजार एकसय ७९ रुयौयाँ क्षतिपूर्तिका लागि पीडितको नाममा सरकारलाई सिफारिस गरको भए पनि सरकारबाट हालसम्म करिब रु सात करोड मात्र पीडित क्षतिपूर्ति भएको उल्लेख छ ।

आयोगले हालसम्म एक हजार चार सय सात वटा सिफारिस गरी कार्यान्वयनका लागि सरकार र सम्बन्धित निकायलाई पठाइएकोमा आयोगको तथ्यांकअनुसार १५.३ पूर्ण, ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन नभएको प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनअनुसार सरकारले आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने विषयमा उदासीनता देखिएको छ । जस्ले गर्दा पीडितले न्याय पाउने काम कठिनाई देखिएको छ । मानवअधिकार हनन् भयो भने आयोगमा गएर उजुरी गरेपछि न्याय पाइन्छ भनेर आयोगले पूर्णरुपमा पीडितलाई बुझाउन र भन्न सक्ने अवस्था देखिदैन । जुन निराशाजनक अवस्था हो ।

आयोगको प्रतिवेदनमा राज्यका निकायहरुबीच कामकारबाहीमा आपसी समन्वय र सहकार्य हुन नसक्नुले गर्दा पनि मानवअधिकारको क्षेत्रमा उल्लेख्य सुधार हुन नसकेको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, “राज्यका निकायहरुबीच सरकारी-सरकारी, सरकारी-गैरसरकारी र गैरसरकारी-गैरसरकारीबीच समन्वय र सहकार्यमा समस्या देखिएको छ, जसले गर्दा सोचेअनुरुप परिणाम आउन सकेको छैन ।”

प्रतिवेदनले अहिले पनि समाजको ठूलो हिस्सा रुढीग्रस्त मानसिकताबाट ग्रस्त भएको देखिएको छ । “नेपालको समाजको ठूलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकताबाट ग्रस्त छ, कानुन, न्याय, स्वतन्त्रता, समानतालगायत विषय उठान भएपनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन सकेको छैन”, प्रतिवेदनमा भनिएको छ “यसको बढी मार दलित, महिला, बालबालिका र आर्थिकरुपमा विपन्न समुदायमाथि पर्न गएको देखिन्छ ।” जातीयताका आधारमा अहिले पनि ठूलो र सानो जाति भन्ने, पानी चल्ने र नचल्ने अवस्था कायम रहेको आयोगको प्रतिवेदनमा छ ।

नेपालको संविधानमा ३१ वटा नागरिकको हकका लागि मौलिक हकको व्यवस्था गरिएको छ । तीन वर्षभित्र कानुन बनाएर कार्यान्वयनमा ल्याउने भनिएको थियो । कानुन बने तर नियमावली बनेर अझै कार्यान्वयनमा आउन सकेको छैन । यसले गर्दा नागरिकले पाउनु पर्ने संवैधानिक हकको पनि उपयोग गर्न पाएका छैनन् ।

पचहत्तरऔँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको राष्ट्रिय नारा ‘भविष्यमा मानवअधिकार संस्कृतिलाई एकीकृत र दिगो बनाउँदै लैजाऔँ’ भन्ने नाराका साथ यो वर्ष मानवअधिकार दिवस नेपाल भर मनाइँदैछ । मानवअधिकार दिवस प्रत्येक वर्ष डिसेम्बर १० का दिन मनाइन्छ । अर्थात् मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिन सन् १९४८ डिसेम्बर १० लाई आधार मानेर मनाउने गरिएको हो । सोही दिन विश्वव्यापी मानवअधिकारको घोषणा भएको संस्मरण गर्दै प्रत्येक वर्ष यो दिवस मनाइने गरिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०१०५७५८

# जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## राजविराज–४, सप्तरी

मिति : २०८०/०८/२५

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋणको साँवा र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने सुचना प्रकाशित गरिएको छ । उक्त सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज र हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरि ऋण रकम, ब्याज, हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

**तपशिल**

<table>
<tr><th>सि.नं.</th><th>ऋणी सदस्यको विवरण</th><th>ठेगाना</th><th>धितो विवरण</th></tr>
<tr><td>१.</td><td>श्री राम प्रसाद खत्वे<br>बुवा :– सोनाई खत्वे<br>बाजे :– टुराई खंग खत्वे</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. कोचावखारी, वडा नं.१, हाल छिन्नमस्ता गा.पा., वडा नं. १</td><td>जिल्ला सप्तरी, गा.वि.स. बरही विरपुर वडा नं. ५ ग किता नं. ५०७ को क्षेत्रफल ०–२–७ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>२.</td><td>श्री नुरजहाँ खातुन<br>पति : ईब्राहिम साह मलङ्ग<br>बुवा : सुलेमान साह<br>ससुरा : वजीर साह</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. भगवतपुर, वडा नं.९, हाल महादेवा गा.पा. वडा नं. ५</td><td>जिल्ला सप्तरी, गा.वि.स. भगवतपुर वडा नं. ९, स्थित किता नं. २९८ को क्षेत्रफल ०–०–७ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>३.</td><td>श्री बुलन्ती देवी<br>पति :–महेन्द्र महतो<br>बुवा :– बुधन महतो कोईरी<br>ससुरा :– गणेशी महतो</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा वडा नं.१, हाल गा.पा. अग्नीसाईर कृष्णा सबरन, वडा नं.५</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं. १, स्थित किता नं. ३१० को क्षेत्रफल ०–७ –२ र धितो जमानी दिने वेचनी देवी कोईरीको नाममा रहेको सोही वडाको किता नं.१०६१ को क्षेत्रफल ०–०–१७ र किता नं. १०५४ को क्षेत्रफल ०–१ –५.२५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>४.</td><td>श्री रमेश प्रसाद दास<br>बुवा :– लतर दास<br>बाजे :– सरयुग दास</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. मलेठ वडा नं.६, हाल राजबिराज न.पा. वडा नं.९</td><td>जिल्ला सप्तरी, गा.वि.स. मलेठ वडा नं. ६, स्थित किता नं. ३१३ को क्षेत्रफल ०–९–१२.५ र किता नं. २९७ को क्षेत्रफल ०–९–२.७५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>५.</td><td>श्री रत्नेश्वर महतो<br>बुवा –राम किसुन महतो<br>बाजे – अनुप महतो</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बोरिया वडा नं.८, हाल गा.पा. विष्णुपुर वडा नं. ५</td><td>जिल्ला सप्तरी , गा.वि.स. बोयि वडा नं. ९, स्थित किता नं. ११७५ को क्षेत्रफल ०–२–१७.५ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>६.</td><td>श्री देवराम यादव<br>बुवा : गुलटेन यादव<br>बाजे : फतुली यादव</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा, वडा नं.४, हाल , गा.पा. अग्नीसाईर कृष्णा सबरन–५</td><td>जिल्ला सप्तरी, गा.बि.स. बक्धुवा वडा नं.४, स्थित किता नं. ६६६ को क्षेत्रफल ०–२–१४, वडा नं.३ स्थित किता नं. ९७२ को क्षेत्रफल ०–३–१७, किता नं. २९५ को क्षेत्रफल ०–३–० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>७.</td><td>श्री राजाराम मुखिया<br>बुवा : धनजित मलाहा<br>बाजे : मंगल मलाहा</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. ईटहरी विष्णुपुर वडा नं.७, हाल, विष्णुपुर गा.पा. वडा नं.६</td><td>जिल्ला सप्तरी, गा.बि.स. ईटहरी विष्णुपुर वडा नं. ७, स्थित किता नं. ३९० को क्षेत्रफल ०–०–८ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>८.</td><td>श्री आशो कुमारी<br>पति : राजेन्द्र मण्डल धानुक<br>बुवा : लखन मण्डल<br>ससुरा : फागु मण्डल धानुक</td><td>जिल्ला सप्तरी, साविक, गा.वि.स. बक्धुवा –२ हाल गा.पा. अग्निसाईर कृष्णा सबरन –५</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं.१, स्थित किता नं. १२११ को क्षेत्रफल ०–५–०, किता नं. ७३४ को क्षेत्रफल ०–१–०, किता नं. ८४७ को क्षेत्रफल ०–२–०, किता नं. १०३२ को क्षेत्रफल ०–५–०, भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>९.</td><td>श्री जहिदा खातुन<br>पति : ईस्लाम मियाँ<br>बुवा : जलिल मियाँ<br>ससुरा : अब्दुल मियाँ</td><td>जिल्ला सप्तरी, न.पा. राजबिराज वडा नं.१०, हाल १</td><td>जिल्ला सप्तरी, गा.बि.स. चनौरा पडरियाको वडा नं.७ को किता नं. ५५३ को क्षेत्रफल ०–०–१२.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१०.</td><td>श्री छत्रपती प्रसाद सिंह<br>बुवा :– राजेन्द्र नारायण सिंह<br>बाजे :– लाल चौधरी</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. प्रसबनी वडा नं.२, हाल गा.पा. अग्नीसाईर कृष्णासबरन –४</td><td>जिल्ला सप्तरी, गा.वि.स. परसबनी वडा नं. १, स्थित किता नं. १४३ को क्षेत्रफल ०–३–१०, वडा नं.३ स्थित किता नं. ८७४ को क्षेत्रफल ०–०–१०.७५, किता नं. ८७२ को क्षेत्रफल ०–०–१०.२५, किता नं. ८६९ को क्षेत्रफल ०–१–१६, किता नं. ८७९ को क्षेत्रफल ०–०–१२.५,भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>११</td><td>श्री देव कुमारी चौधरी<br>पति : श्याम कुमार चौधरी<br>बुवा : धोती चौधरी<br>ससुरा : मिठ्ठलाल चौधरी</td><td>जिल्ला सप्तरी, साविक न.पा. डाकनेश्वरी –१०, हाल न.पा. शम्भुनाथ –१२, अर्नाहा</td><td>जिल्ला सप्तरी, गा.वि.स.अर्नाहा वडा नं. ३ स्थित किता नं. ८४७ को क्षेत्रफल ०–२–१६ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१२</td><td>श्री रघुबती यादव<br>पति :–टिरु यादव<br>बुवा :– मुंगा लाल यादव<br>ससुरा :– पंची यादव</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. कंचनपुर वडा नं.९, हाल कंचनरुप न.पा. वडा नं.८</td><td>जिल्ला सप्तरी, गा.बि.स. कंचनपुर वडा नं. ९ ख, स्थित किता नं. २५१ को क्षेत्रफल ०–०–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१३</td><td>श्री चन्द्रकला देवी राय<br>पति : सुर्य नारायण राय<br>बुवा : छुतहरु राय<br>ससुरा : नेवै राय अमात</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा –२, हाल गा.पा. अग्निसाईर कृष्णासबरन –५</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं. २ क, स्थित किता नं. ११८८ को क्षेत्रफल ०–२–० को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१४</td><td>श्री सहाबुन खातुन<br>पति :–गुगली खलिफा<br>बुवा :– चुल्हाई खलिफा<br>ससुरा :– हबिब खलिफा</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. जण्डौल वडा नं.५ हाल गा.पा. अग्निसाईर कृष्णासबरन –१</td><td>सहाबुन खातुन र मो.रजाबुल को संयुक्त नाममा रहेको जिल्ला सप्तरी, गा.वि.स. जण्डोल वडा नं. ५, स्थित किता नं. ६८७ को क्षेत्रफल ०–१–५.५ र किता नं. ६८९ को क्षेत्रफल ०–०–८.५ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१५</td><td>श्री रामप्रसाद राय अमात<br>बुवा :– तनुकलाल राय अमात<br>बाजे :– हिया राय अमात</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. बक्धुवा –२, हाल गा.पा. अग्निसाईर कृष्णासबरन –५</td><td>जिल्ला सप्तरी, गा.वि.स. बक्धुवा वडा नं. २ क, स्थित किता नं. १०५८ को क्षेत्रफल ०–१–० र धितो जमानी दिने भटनी देवी राय अमातको नाममा रहेको सोही वडाको किता नं.१०५६ को क्षेत्रफल ०–१–४ को जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१६</td><td>श्री प्रमोद यादव<br>बुवा :– सुनर यादव<br>बाजे :– अनुप यादव</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. देउरी वडा नं.७ हाल बोदे बर्साईन न.पा. वडा नं.९</td><td><table>
<tr><th>सि. नं.</th><th>जिल्ला</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>किता नं.</th><th>क्षेत्रफल</th></tr>
<tr><td>१</td><td>सप्तरी</td><td>देउरी</td><td>७</td><td>७२</td><td>०–१–४</td></tr>
<tr><td>२</td><td>सप्तरी</td><td>देउरी</td><td>७</td><td>४७३</td><td>०–३–७.२५</td></tr>
<tr><td>३</td><td>सप्तरी</td><td>देउरी</td><td>७</td><td>४७५</td><td>०–०–१५.७५</td></tr>
<tr><td>४</td><td>सप्तरी</td><td>देउरी</td><td>७</td><td>४७९</td><td>०–२–१.७५</td></tr>
<tr><td>५</td><td>सप्तरी</td><td>देउरी</td><td>८</td><td>८५५</td><td>०–०–६.७५</td></tr>
<tr><td>६</td><td>सप्तरी</td><td>देउरी</td><td>८</td><td>४५७</td><td>०–१–१३.२५</td></tr>
<tr><td>७</td><td>सप्तरी</td><td>देउरी</td><td>८</td><td>४६०</td><td>०–३–१८</td></tr>
<tr><td>८</td><td>सप्तरी</td><td>देउरी</td><td>७</td><td>७३</td><td>०–०–१६</td></tr>
<tr><td colspan="6">माथी उल्लेखित जग्गाहरु र उक्त जग्गाहरुले चर्चेको लिगलगापात समेत ।</td></tr>
</table></td></tr>
<tr><td>१७</td><td>श्री लालदेव कुमार यादव<br>बुवा :– प्रमोद यादव<br>बाजे :– सुनर यादव</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स. मलेठ वडा नं.७, हाल राजबिराज न.पा. वडा नं.९</td><td>जिल्ला सप्तरी, गा.बि.स. मलेठ वडा नं.७ क स्थित किता नं. १०२८ को क्षेत्रफल ०–०–७ भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>१८</td><td>श्री डोमनी देवी यादवनी<br>पति :–बाबुजी यादव<br>बुवा :– छुतहरु यादव<br>ससुरा :– असर्फी यादव</td><td>जिल्ला सप्तरी, साविक गा.वि.स.. हरिहरपुर वडा नं.३, हाल न.पा. राजबिराज वडा नं.१०</td><td>जिल्ला सप्तरी, गा.बि.स. अगाडी वडा नं. ७, स्थित किता नं. ६६० को क्षेत्रफल ०–३–२, किता नं. ८५६ को क्षेत्रफल ०–२–०, किता नं. ८ को क्षेत्रफल ०–७–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
</table>

# विश्व समाचार

## इरानद्वारा १३ हजार अवैध अफगान आप्रवासी निष्कासित

काबुल, २४ मङ्सिर (रासस/एएनआई)।

इरानले १३ हजार २०४ जना अवैध अफगान आप्रवासीलाई निष्कासन गरेको छ। खोरासान रजावीका सीमा सुरक्षा कमाण्डर माजिद शोजाइले १३ हजार २०४ “अवैध” अफगान आप्रवासीहरूलाई इरानबाट निष्कासन गरिएको बताउनु भएको छ। खामा प्रेसले उल्लेख गरे अनुसार शुक्रबार पत्रकारहरूसँगको कुराकानीमा शोजाईले “अवैध” आप्रवासीहरूलाई निष्कासन गरिनु पर्नेमा जोड दिनु भएको छ।

उहाँले गैरकानूनी रूपमा देश प्रवेश गर्न चाहने वा गैरकानूनी रूपमा यहाँ बसिरहेका अफगान नागरिकहरूलाई पक्राउ गरी निष्कासन गरिने“ बताउनु भएको छ। पछिल्ला महिनाहरूमा इरान र पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने प्रक्रियाले तीव्रता पाएको छ। हालै इरानका आन्तरिक मामिला मन्त्रीले चार लाख अफगानी आप्रवासीलाई देशबाट निष्कासन गरिएको घोषणा गर्नु भएको थियो। शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका अनुसार इरानमा बसोबास गर्ने जनसङ्ख्याको ६ प्रतिशत अफगानी नागरिक छन्।

## विदेशी मूलका व्यक्तिको खाली घरको कर बढाउने अष्ट्रेलिया सरकारको घोषणा

सिड्नी, २४ मङ्सिर (रासस/एएफपी)।

अस्ट्रेलिया सरकारले भाडाको सङ्कट कम गर्ने प्रयासस्वरूप विद्यमान घरका विदेशी खरिदकर्तालाई शुल्कमा नाटकीय वृद्धि गर्ने घोषणा गरेको छ। अष्ट्रेलियामा भाडामा कोठा पाउन कठिन बनेपछि लेबर पार्टीले खाली घर नराख्न प्रोत्साहन गर्न र कोठा भाडा पाउने अवस्थालाई सहज बनाउन नयाँ बर्षको शुरूमा नै नयाँ कानुन ल्याई घरका विदेशी खरिदकर्ताले घरलाई खाली राखेमा बढी कर तिनुपर्ने व्यवस्था गर्न लागेको हो।

घर निर्माण घट्दै जाँदा सेप्टेम्बर ३० सम्मको अवधिमा भाडाको मूल्य १४ वर्षयताकै सबैभन्दा तीव्र स्तरमा अर्थात् ७.६ प्रतिशतले बढेको छ। कोषाध्यक्ष जिम चाल्मर्सले भन्नुभयो,“अस्ट्रेलियाको ग्रामिण क्षेत्रमा धेरै घरहरू खाली छन्। तर कोठाभाडा पाउन कठिन हुने गर्छ।” स्काई न्यूज अष्ट्रेलियासँगको अन्तर्वार्तामा उहाँले भन्नुभयो, “अष्ट्रेलियालीहरूका लागि पर्याप्त आवासीय भवन उपलब्ध छैन।”

सरकारले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “यी उपायहरूले विदेशीहरूलाई विद्यमान स्टक किन्नुको सट्टा नयाँ आवास विकासमा लगानी गर्न प्रेरित गर्ने लक्ष्य राखेको छ।” काम वा अध्ययनका लागि अष्ट्रेलियामा बसोबास नगरेसम्म विदेशीहरूले पहिले नै स्थापित घरहरू किन्न प्रतिबन्ध लगाएका छन्, र उनीहरूले सामान्यतया घर छोड्दा घरलाई बेच्नु पर्दछ।

छ महिनाभन्दा बढीको लागि घर खाली राखेमा निर्माणसम्पन्न घरहरूको विदेशी मालिकहरूले एक उच्च वार्षिक अतिरिक्त शुल्क तिर्नुपर्ने हुनेछ। त्यो शुल्क (हाल विदेशी लगानी शुल्कको समान) नयाँ योजना अन्तर्गत दोब्बर हुनेछ। यसको समग्र प्रभाव विद्यमान घरहरू खाली छोड्ने विदेशीहरूको लागि वार्षिक शुल्कमा छ गुणा वृद्धि हुनेछ।

तथापि, यो स्पष्ट छैन कि अष्ट्रेलियामा अवस्थित घरहरूको विदेशी स्वामित्व भाडा बजारको लागि ठूलो समस्या हो। अस्ट्रेलियाका अर्थमन्त्रीका अनुसार स्थापित घरका विदेशी मालिकहरूबाट लगाइएको खाली घरका लागि शुल्कले वार्षिक करिब ५० लाख अष्ट्रेलियन डलर मात्र उठाउँछ। चाल्मर्सका अनुसार एउटा रिपोर्टले गत वर्ष २३ वटा मात्र यस्ता ‘उल्लङ्घन’ भएको सङ्केत गरेको छ। सरकारले भाडाका लागि आवास निर्माण परियोजनामा विदेशी लगानीकर्ताको शुल्क पनि घटाउने बताएको छ।

## इजरायल र हमासबीच पुनः युद्धविरामका लागि प्रयास जारी रहेको कतारको भनाइ

दोहा, २४ मङ्सिर (रासस/एएफपी)।

इजरायली बमबारीका बावजुद गाजामा नयाँ युद्धविराम र हमासको कब्जामा रहेका बन्धकहरूलाई मुक्त गर्न मध्यस्थता प्रयास जारी रहेको कतारका प्रधानमन्त्रीले आइतबार बताउनुभएको छ। कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले दोहा फोरममा भन्नुभयो, “कतार राज्यको रूपमा हाम्रा साझेदारहरूसँग हाम्रो प्रयास जारी छ। हामी हार मान्दैनौं।”

उहाँले प्रसङ्गलाई थप्दै भन्नुभयो, “बमबारीको निरन्तरताले हाम्रो वार्ता प्रयासमा जटिलता भने ल्याएको छ। गत अक्टोबर ७ मा भएको आक्रमणमा हमासले एक हजार २०० व्यक्तिको हत्या गर्नुका साथै २४० जनालाई बन्धक बनाएपछि इजरायलले हमासविरुद्ध युद्धको घोषणा गरेको इजरायली तथ्याङ्कले जनाएको छ। इजरायली आक्रमणका कारण गाजामा कम्तीमा १७ हजार ७०० व्यक्तिको मृत्यु भएको हमास नियन्त्रित गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ।

कतार वार्तामा एक प्रमुख मध्यस्थकर्ता हो। कतारको निरन्तरको वार्ता र शान्तिको प्रयासको परिणामस्वरूप सात दिनको युद्धविराम भएको थियो। उक्त अवधिमा धेरै इजरायली बन्धकहरूसँग प्यालेस्टिनी कैदी र मानवीय सहायताको आदान-प्रदान भएको छ। कतारका प्रधानमन्त्रीले भन्नुभयो, “हामी प्रयास जारी राख्नेछौं, हामी बन्धकहरूलाई रिहा गर्न र युद्ध रोक्न पनि प्रतिबद्ध छौं।”

उहाँले भन्नुभयो, “हामीले दुवै पक्षबाट समान इच्छा प्रकट भएको देख्दैनौं।” यसअघि दोहा फोरमलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इजरायल-हमास द्वन्द्वको समाधानलाई कमजोर पार्ने भू-रणनीतिक विभाजनका कारण सुरक्षा परिषद् पङ्गु भएको बताउनुभएको थियो। गाजायुद्ध विरामको आह्वान गर्ने प्रस्तावलाई अमेरिकी भिटोले रोकेको दुई दिनपछि उहाँले युद्धमा ढिलाइ हुँदा उक्त निकायको ‘अधिकार र विश्वसनीयतालाई गम्भीर रूपमा कमजोर पारिएको’ बताउनुभएको छ।

# सहिद परिवारलाई राहत प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २४ मंसिर।**

७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा आइतबार सहिद परिवारलाई राहत प्रदान गरिएको छ।

तराई मधेश महिला फाउण्डेशन नेपालकी अध्यक्ष सुनिता साहले आफ्नो व्यक्तिगत खर्चमा राजविराज वडा नं. ९ मलेठका सहिद परिवारलाई सो राहत प्रदान गरिन्।

मलेठ घटनाका सहिद बिरेन्द्र महतोकी पत्नि रन्जना महतोलाई अध्यक्ष साहले एक बोरा चामल तथा बच्चाहरुका लागि कपी पेन्सिल, पेन लगायतका स्टेशनरी सामान प्रदान गरिन्।

यसअघि पनि अध्यक्ष साहले विभिन्न विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरु लगायतलाई राहत प्रदान गर्दै आइरहेकी छिन्।

### *राजगढ गाउँपालिका ...*

तत्काल गाँउपालिकाले दुई तल्लाको मात्रै टेन्डर गरेको उनले बताए।

भवन उद्घाटन समारोहमा गाउँपालिकाको उपाध्यक्ष रेणु कुमारी मण्डल, ६ वटै वडाका वडा अध्यक्षहरु, कर्मचारी, राजनीतिकर्मी लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो।

# साढे छ किलो सुनसहित विदेशी नागरिक पक्राउ

काठमाडौँ, २४ मङ्सिर (रासस)।

त्रिभुवन विमानस्थल भन्सार कार्यालयले त्रिभुवन विमानस्थलबाट साढे छ किलो सुनसहित विदेशी नागरिकलाई पक्राउ गरेको छ।

भन्सार कार्यालय र त्रिभुवन विमानस्थल सुरक्षा कार्यालयको टोलीले शनिबार राति दुबईबाट ल्याइएको छ किलो पाँच सय ९० ग्राम सुनसहित इजिप्टका नागरिक मोहमद मोगामद लसिमलाई पक्राउ गरेको हो।

विमानस्थल भन्सार कार्यालयका प्रमुख टोकराज पाण्डेले दुबईबाट फ्लाई दुबईको उडान नम्बर एफजेड ५९७ बाट आएका सालेहलाई शनिबार राति पक्राउ गरिएको राससलाई जानकारी दिनुभयो। कार्यालयले उक्त सुन कारोबारीका सम्बन्धमा अन्य दुईजना विदेशी नागरिकलाई पक्राउ गरेको छ। पक्राउ परेका व्यक्तिको विस्तृत विवरण खुलाइएको छैन। कार्यालयले पक्राउ लसिमले पाउडर बनाएर ल्याएको साढे छ किलो सुन बरामद गरेको हो।

### *चार बुँदे माग ...*

वितरण कार्य अविलम्ब सूरु गर्न माँग गरे।

पत्रकार सम्मेलनमा हरवा चरवा मञ्चका केन्द्रीय महासचिव लागेन्द्र राम, केन्द्रीय सदस्य सुमित्रा देवी खंग, श्रीपुराज सामुदायीक विकास केन्द्रका अध्यक्ष चतुरनारायण चौधरी, टीम लिडर विनोदानन्द चौधरी, दलित चेतना संगमका अध्यक्ष राम लखन राम, कार्यक्रम संयोजक प्रेम कुमार विश्वकर्मा लगायतले पनि बोल्दै हरवा चरवालाई थातथलो सहित उत्थान र स्वरोजगारको व्यवस्था गर्न सरकारसँग माग गरे।

हरवा चरवा लक्षित कार्यक्रम प्रभावकारी रुपमा संचालनका लागी बास्तबिक हरवा चरवाको पहिचान आवश्यक रहेकोमा जोड दिदै उनीहरुले यसो नभए लक्षित कार्यक्रममा हरवा चरवाको पहुँच नहुने र टाठाबाठाहरुले मात्र लाभ लिन सक्ने अवस्था आउने समेत जनाएका छन्।

सन २०१३ मा आइएलओले गरेको अध्ययन अनुसार मुलुकका विभिन्न जिल्लामा गरी झण्डै १ लाख ५० हजार हरवा चरवा रहेका छन्। पुस्तौदेखि अरुको जग्गामा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका उनीहरु साहु महाजनको खेतवारीमा काम गर्ने र वस्तुभाऊ चराएपछि पाईने न्यून मजदुरीले जहान वालबच्चालाई एक पेट खुवाउन समेत कस्ट झेलिरहेको हरवा चरवाको भनाई छ।



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगयत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*